आर्थिक बर्ष २०७५/०७६ को
वजेट मन्तव्य

सानीभेरी गाउँपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
नेपाल

गाँउसभाका अध्यक्ष महोदय,

१. **आज म गाउँसभाको यस गरिमामय सदनमा** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहास बोकेको सानीभेरी गाउँपालिकाको उपाध्याक्षको हैसियतले आर्थिक वर्ष २०७५/०७६ को वजेट तथा कार्याक्रम पेश गर्न गइरहेकिछु। यस ऐतिहासिक क्षणमा जनयुद्ध, जनआन्दोलन, जनक्रान्ति र यो सानीभेरी गाउँपालिका अधिकार सहितको स्थानियतह प्रासिको आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्दाञ्जली अर्पणगर्दै घाइते र वेपत्ता यैद्धाहरुप्रति हार्दिक सम्मान व्यक्तगर्न चाहन्छु।

२. **सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट** संघ, प्रदेश र स्थानीय तहको चुनाव सम्पन्नगरी तिनैतहका जनप्रतिनिधिहरु दिएकोछ, आपसि समन्वय, सहकार्य र साजेदारी गर्ने मुल्यमान्यतामा आधारित रहि अन्तर सम्वन्ध कायमगर्न गाउँपालिका सरकार हरदम स्पस्ट रहिरहनेछ।

३. **गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई** आत्मसाथ गर्दै गाउँपालिका सरकार सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न दृढ छ। सापेक्षिक तराई, पहाड र हिमाली भूभाग मिलेर बनेको विविधता युक्त यो गाउँपालिका समृद्धि हुनुनै राष्ट्रको समृद्धि हो भन्ने मान्यताका आधारमा गाउँपालिका सरकार सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढिरहेकोछ।

४. **नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई** बलियो बनाउने आधारको रुपमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै अधिकार र दायित्वका दृष्टिले मात्र होइन, साधन श्रोतका दृष्टिले पनि तीन तह एकअर्कामा परस्पर निर्भर हुने मान्यतालाई संविधानले स्वीकार गरेको छ। सोही मान्यता अनुरुप "समृद्ध नेपाल सुखी नेपाली " बनाउने संघीय सरकारको उद्देश्य पूरा गर्न गाउँपालिका सरकारले "समृद्ध गाउँपालिकाको खुसीजन्ता" लागि "गुणस्तरिय शिक्षा सहज स्वस्थ्यसेवा र भौतिकपूर्वाधार विकास सानीभेरीको आधार- शुन्दर समृद्ध गाउँपालिकाकोलागि पर्यटन कृषि विकास र रोजगार "को नारा र योजनाबद्ध विकासको बाटोमा अघि बढ्ने अठोट गरेको छ।

५. **आर्थिक वर्ष २०७५/२०७६ को वजेट तथा नीति र कार्यक्रमको लक्ष्य "समृद्ध गाउँपालिका खुशी जनता"** लाई पछ्याउने गरी उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने, युवा श्रमशक्तिलाई गाउँपालिकामै स्वरोजगारी उपलब्ध गराउन सरकरी, सहकारी र निजी क्षेत्रसंगको साझेदारीमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामि ४ वर्षभित्र रोजगारीका लागि विदेशिनु पर्ने बाध्यतालाई अन्त्य गर्ने कुरालाई केन्द्रविन्दुमा राखेर गाउँपालिका सरकारको यस नीति कार्यक्रमले संघीयताको कार्यान्यनसँगै सिंहदरबार केन्द्रत अधिकार जनताको घरआगनमा पुऱ्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।

गाँउसभाका अध्यक्ष महोदय,

६. **देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठुलो राजनीतिक परिवर्तन** पछि विगतको सामन्ती केन्द्रिकृत राज्य यन्त्रको कुसंस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्पूर्तरुपमा जागृत हुदैगर्दा राजनैतिक जागरणको साथ जनताका इच्छा, आकांक्षा र चाहनाहरु पनि निरन्तर रुपमा विकसित हुदैआएकोले राज्यको सीमित स्रोत र साधनको समुचित प्रयोगबाट निरन्तर बढ्दा विकासका आकांक्षाहरु पुरा गर्ने प्रयत्न गरिनेछ।

उपरोक्त पृष्ठभूमिमा गत आर्थिक वर्ष ०७४ र ०७५ वजेट विनियोजन र निति तथा कार्याक्रम्मा समावेश गरिएका योजनाहरुको प्रभावकारी कार्यान्वयण अनुगमण र समिक्ष्याको दृष्टिले कति योजना सम्पन्नभए वा निर्माणाधिन र स्तरवृद्धिमाछन जसलाई पहिलो प्राथमिक्ता कायम राख्दै आर्थिक वर्ष ०७५ र ०७६ मा आम नागरिक,

नरबहादुर पुन
अध्यक्ष

राजनितिकदल, वडा कार्यालयहरु, विषयगत शाखाहरु, राजनैतिकदलहरु, सरकरी तथा गैरसरकारी संघ संस्थाहरुका प्रतिनिधिहरु, बुद्धिजिवि, नागरिक समाज, सञ्चार कर्मि, र विकास सरोकारवालाको सुझावहरुलाई हृदंयगम गर्दै आम सहमतिबाट साझा कार्यक्रमको रुपमा सानीभेरी गाउँपालिकाको एकिकृत विकास रणनीतिक योजना र कार्याक्रम अनुसार वजेट विनियोजन गर्न महत्वपूर्ण आधार लिएकीछु।

गाँउसभाका अध्यक्ष महोदय,

७. **सानीभेरी गाँउपालिकाको संक्षिप्त परिचयः** देश संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसके पश्चात राज्यको पुर्नसंरचनाले भौगोलिक तथा प्रसासनिक रुपले नेपाल ७ प्रदेश र ७५३ स्थानिय तहमा स्थापना भएकोछ। यस अन्तर्गत कर्णाली प्रदेश रुकुम (पश्चिम) सानीभेरी गाउँपालिकामा सविक ५ गा.वि.स.(सिम्ली,गरायला,अर्मा, पुर्तिमकाँडा र दुली) सहित भौगोलिक अवस्थाको कुल क्षेत्रफल- १३३.८० वर्ग मिटरमा फैलियको सापेक्षिक समुन्द्र सतहदेखी तराई, पहाड र हिमाली भागमा रहेकोछ। निर्वाचन आयोगको तथ्याङ्क अनुसार-२२,१९४ जनसंख्या र प्रशासनिक दृष्टिले ११ वटा वडामा विभाजन भई मतदाता संख्या ११,२६६ रहेको दुर्गम गाउँपालिका सानिभेरीका जनताको असिमित त्याग, वलिदानी, परिवर्तनकामी उर्जा शक्ति र मध्यपहाडी लोकमार्गले गर्दा क्रमस सुगम गाउँपालिका तिर विकासको प्रक्रियामाछ।

८. **सानीभेरी गाँउपालिकाको एकिकृत विकास रणनीति योजना कार्यक्रमका विशेषताहरुः** सामाजिक,आर्थिक, भौतिक पूर्वाधार, वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तरगत विभिन्न विषयहरुः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्वन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदीवासी जनजाती, अल्पसंख्यक आदी), कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तिय क्षेत्र, सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, सञ्चार, वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन र वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, नागरीक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय समग्रक्षेत्रमा सुशासन तथा संस्थागत विकासका दृष्टिले पछाडि परेको सानीभेरी गाउँपालिकालाई विकास र समृर्द्धको एकिकृत विकास रणनीति योजनाको मुलप्रवाहमा ल्याई लक्ष्यहाँसिल गरिनेछ।

९. **एकिकृत विकास रणनीतिक योजनामा केन्द्रकृत परिचालनः** एकिकृत विकास रणनिति योजनामा विध्यमान संविधान र स्थानीय सरकार संचालन ऐनको अधिनमा रहि संघ, प्रदेश र वडा सरकारसंग सहकार्य समन्वय र साझेदारी कामलाई प्रभावकारी बनाइनेछ। संविधान अनुसार व्यवस्थापकिय रुपमा रहेको गाँउ सभा, सरकारको रुपमा रहेको गाँउ कार्यपालिका र अर्ध न्यायीक रुपमा रहेको न्यायपालिकालाई अन्तर सम्बन्ध, सहकार्य र सन्तुलित रुपमा परिचालित गरिनेछ। जनताबाट निर्वाचित जनप्रतिनिधि र स्थानीय सरकारका कर्मचारीहरुले गाँउपालिका सरकार र जनाताको हितलाई केन्द्रमा राखी सेवा प्रभावको काममा परिचालित हुनुपर्नेछ। यसैगरि राजनितीक दल, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, सुरक्षा निकायहरु, सरकारी तथा गैरसरकारी र सामाजिक संघ संस्थाहरु, संचार कर्मि, किसान-मजदु, युवा, महिला, दिलित, जनजाति, ब्यापारी-उद्योगपति र विभिन्न व्यवसायहरुलाइ परिचालन गरिने छ।

गाँउसभाका अध्यक्ष महोदय,

१०. **आर्थिक वर्ष २०७४/०७५ को चालु योजनाको संक्षिप्त समिक्षा :** आर्थिक वर्ष २०७४/०७५ मा गाँउपालिकाले आर्थिक लगाइत विभिन्न ऐन, कानून र विनियोजन ऐन निर्माण, बजेट र नीति तथा कार्यक्रम जनाताको प्रत्यक्ष सहभागिता र आर्थिक गतिविधिहरुमा सहयोग पुग्नेगरी कानून बमोजिम मापदण्डमा रही कार्यान्वयन गर्दा प्रारम्भमा स्थानीय सरकार सञ्चालन गर्न अनुभबको कमी, संघीय गणतन्त्र पछी ऐतिहासिक चूनावी वर्षको प्रभाव, विधिगत र व्यवहारीक रुपमा बजेट निर्माण र योजनाको प्राथामिकरण र कार्यान्वयन गर्ने सन्दर्भमा जनप्रतिनिधि र कर्मचारीहरुको अनुभवको कमीले गर्दा सुरुकादिनहरुमा केही समस्या भएता पनि त्यसवाट शिक्षा लिएर आगामि दिनमा सरकारका हरेक कामहरुलाइ प्रभावकारी वनाइनेछ।

नरबहादुर पुन
अध्यक्ष

आर्थिक र विनियोजन ऐन अनुसार राजस्व, समानीकरण र सशसर्त अनुदान बजेटलाई नीति तथा कार्याक्रम र योजना विनियोजन गर्दा अनुभवको कमिले विधि, प्राथमिक्ता र व्यवहारिक र सरल ढंगले विनियोजन नहुदा शिर्षक र रकम रकमान्त्रणको आर्थिक जोखिमताले रकम विनियोजन भएका कतिपए योजनाहरु भने जस्तै कामगर्न नसकेतापनि विभिन्न चुनौतिको विचमा चालुयोजनाको ८२.४७ प्रतिशत भुक्तानी हुनुले सकरात्मक उपलब्धिका रुपमा लिएकीछु।

राज्यको बजेट, प्राकृतिक श्रोत साधन र मानविय उर्जा शक्तिलाई गाँउपालिको विकास निर्माणमा अधिकतम परिचालन गर्ने क्रममा शिक्षा, स्वस्थ खानेपानी तथा सरसफाइ मानव तथा संसाधन विकास, कृषि उद्योग, सहकारी तथा पर्यटन र सडक, सिचाई, उर्जा, संचार भवन तथा सहरी विकास लगायत बन तथा वातावरण तथा विपद व्यवस्थापनलाई क्रमश प्राथामिक्ता दिएर आर्थिक वर्ष २०७५/०७६ को बजेट तथा कार्याक्रम ल्याएकिछु।

११. **गाँउपालिका प्रति रहेको जनताको आशा र भरोसालाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा** उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास गर्नुहो। यसर्थ आत्मनिर्भरता, स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवाद उन्मूख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको उपयुक्त साजेदारी गरी अगाडिबढन गाँउपालिका सरकार प्रतिवद्धछ।सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित भई वित्तीय सुशासनलाई ध्यान दिएर खर्च परिचालन प्रकृयालाई प्रणालीबद्द गर्नेगरी योजना तथा कार्यक्रम तयार गर्ने सरकारको प्रतिबद्धता रहेको छ।

गाँउसभाका अध्यक्ष महोदय,

१२. **बजेटका उद्देश्यहरुः** गाँउपालिकाको मानव श्रमशक्ति, प्राकृतिक श्रोत साधन र उपलव्ध राज्यको वजेटलाइ भरपूर उपयोग गर्नेगरी बजेटका उद्देश्यहरु प्रस्तुत गरेकिछु।

(क) जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गररे गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, सामाजिक, आर्थिक, पूर्वाधार विकासले समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने।

ख) गणतन्त्र र संघीयता कार्यान्वयन गर्न नेपालको विध्यमान संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको कार्यान्वयन गर्ने गराउने।

ख) दीगो, समावेशी तथा गरिबी निवारण उन्मूख कार्यक्रममार्फत गाँउपालिका जनताको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने।

ग) गाँउपालिका समग्र विकास र समृध्दिका लागि उपयुक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने, गाँउपालिका द्वारा प्रदान गरिने सेवामा जनताको स्वामित्व र पहुँच वृध्दि गर्ने।

घ) कृषि, सहकारी, उद्योग, पर्यटन, वन, जडिबुटी क्षेत्रको विकास मार्फत आर्थिक वृध्दि र रोजगारीका अवसरहरु सृजना गर्ने।

ङ) भ्रष्टाचारमुक्त, चुस्त प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रबर्द्धन गर्ने।

१३. **बजेटका प्राथमिकताहरुः** "जग बलियो नभइ घर बलियो हुदैन" भन्ने मान्यताका साथ समृध्द गाँउपालिका निर्माणका लागि बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेकिछु।

(क) संविधान अनुरुप संघीय गनतन्त्र कार्यान्वयन गरिनेछ।

(ख) सामाजिक विकासः शिक्षा, स्वस्थ्य, खानेपानी तथ सरसफाईको विकास मार्फत दुत्रगतिमा मानव विकास र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

नरबहादुर पुन
अध्यक्ष

(ग) आर्थिक विकासः कृषि, सिचाइ, उर्जा, सहकारी, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पुँजी, प्रविधि र अन्वेषणको विकासले सबै जनतालाई काम, रोजगारी र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(घ) भौतिक पुर्वाधारः सडक, भवन तथ शहरी विकास र उर्जा क्षेत्र सुविधाको अवसर, रोजगारीको र अवसर सिर्जना गर्न यी क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ङ) वातावरण तथा विपद व्यवस्थापनः वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन तर्फ सुन्द्रर वातावरण र अनुकुलनिय अवसर सर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गरिनेछ।

(च) सुशासन तथा संस्थागत विकाः मानव संसाधन विकास, संस्थागत क्षमता विकास लगायतका क्षेत्रहरुको प्रवर्द्धन र क्ष्यमता विकास गरिनेछ।

१४. **बजेट विनियोजनको आधार तथा स्रोतको व्यवस्थाः** अब म बजेट विनियोजनका आधार तथा स्रोत व्यवस्था सम्बन्धी प्रस्ताव पेश गर्न गएकिछु। नेपालको संविधान अनुसूची ८ र ९ मा उल्लिखित गाँपालिका सरकारको एकल तथा साझा अधिकार, गाँउपालिकाको आर्थिक वर्ष २०७४ र ०७५ मा गाँउसभावाट पारित भएर विनियोजन ऐनमा समावेस गरेका आवधिक र रणनीतिक योजनाहरु, आर्थिक वर्ष २०७५ र ०७६ मा वस्ति स्तरवाट तर्जुमाभै वडा समिति वैठकले प्राथमिक्ताको आधारमा योजना तर्जुमा समितिमा पेशभै कार्यापालिकामा पेशगरेका समग्र योजनाहरु र प्रदेश सरकार र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साजेदारीको लागि संपुरक योजनाहरु छनोटका उपयुक्त आधार भएकोले तदनुसारका योजनामा रकम विनियोजन गरेकिछु।

यस आर्थिक वर्षमा पारित भएको आर्थिक ऐनमा राजस्व संकलन तथा असुलीकार्यको अनुभव, राजस्व परामर्श समिति र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले दिएको सुझाप र गाँउपालिका सरकार आत्मनिर्भर र सवलिकरणको महत्वपुर्ण पक्षभनेको आफनो आर्थिक स्रोतको पहिचानगरी प्रगतिसिल करको दायरा फराकिलो र जनसहभागिता सहितको करको दर निर्धारण गरी गाँउसभावाट पारित गर्न सकिने आन्त्रिक श्रोतको अनुमान राजस्व, गत वर्षको मौज्दात रकम, संघीय सरकार प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान र सशर्त अनुदान रकमलाई प्राथमिक्ता र आवश्यक्ताको आधारमा विनियोजन गरेकिछु।

सानीभेरी गाँउपालिका सरकारको आर्थिक स्रोत पहिचान र व्यवस्थापनको सन्दर्भमा संक्षिप्त जानकारी गर्नुपर्दा- संघिय सरकारवाट समानीकरण अनुदानः रु. ८ करोड २४ लाख, संघिय सरकारवाट राजस्व बाडफाडको अनुदानः रु. ६ करोड ४५ लाख, संघिय सरकारवाट शसर्त अनुदान रु. ११ करोड ६६ लाख २९ हजार, प्रदेश सरकारवाट समानिकरण अनुदानः रु. ५२ लाख ७७ हजार, गाउँपालिका सरकारको गत वर्षको मौज्दात रु. ४ करोड ९१ लाख, ५ हजार सामाजिक सुरक्षा भत्ता रु. २ करोड ३० लाख, आन्त्रिक श्रोत (राजस्व) ५० लाख), आशा प्रोजेक्ट र रुकुमेली समाज विकास केन्द्र लगायत संघ सस्थाहरुवाट रु. २ करोड, बहु क्षेत्रीय पोषण रु. १४ लाख ३० हजार, LGCD रु.१५ लाख, सम्भावित तथा विशेष अनुदान रु. १ करोड ३८ लाख गरी आर्थिक वर्ष ०७५/०७६ को अनुमानीत **आय रु.३८ करोड २८ लाख ३९ हजार अनुमान गरिएकोछ।**

गतवर्षको बजेट परिचालन र प्रभावकारी अनुभवका आधारमा चालु आ.व. मा सबै योजनाहरु उपभोक्ता विचमा गठन भएको श्रम सहकारी संस्था मार्फत कार्यन्वयन गर्ने र गतवर्षका योजनाहरुको कार्यान्वयनका क्रममा लिने गरेको २ प्रतिशत धरौटी रकम खारेज गरी अवउप्रान्त भुक्तानी गर्दा १० प्रतिशत फरफारक रकम कट्टी गरी भुक्तानी दिईने छ र त्यसरी कट्टी गरिएको रकम ६ महिना पछि प्रभावकारीताका आधारमा फिर्ता गरिनेछ। साथै प्रत्यक योजनाको स्टामेट वाट ५ प्रतिशत कन्टेन्जेन्सी खर्च कटौती गरी नियम संगत खर्च गरिनेछ। संघीय सरकार वाट प्राप्त अन्तरसरकारी वित्तीय हस्तान्त्रण सशर्त अनुदान रकम सम्बन्धित विषगत कार्यालयहरु मार्फत गाउँपालिकाको प्रत्यक्ष नियन्त्रण निर्देशन र समन्वयमा खर्च गरिनेछ।

कार्यपालिकाको व्यापक छलफल पश्चात आ.व. ०७५/०७६ को बजेट विनियोजनका बैज्ञानिक आधारको विश्लेषण गर्दा संघिय आर्थिक नीतिलाई अध्ययन गरी जनसंख्याको आधारमा सबै वडाहरु, न्युन विकास सूचकांकको

नरबहादुर पुन
अध्यक्ष

आधारमा वडा नं. ५ र ६ र मानव विकास सूचकांकको आधारमा वडा नं १ र २ लाई आधार मानेर वडाहरुलाई बजेट रु. ४ करोड ८९ लाख छुट्याएर आफ्नो सापेक्षतामा विनियोजन गरीएकोछु।

गाँउसभाका अध्यक्ष महोदय,

सामाजिक विकास :

१५. **शिक्षा क्षेत्रः "सानीभेरी गाउँपालिकाको शान-शैक्षिक गुणस्तर र सिकाइ उपलव्धिमा सुधार" भन्ने नार** र " शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न निम्नवमोजिम वजेट विनियोजन गरेकिछु ।

क- शिक्षक तलब अनुदान तर्फः बालविकास ४८ वटा रु. ३७ लाख ९६ हजार, आधारभूत तह (१-५): २२ वटा विद्यालय रु. ४२ लाख ९० हजार, आधारभूत तह (६-८): ३३ वटा विद्यालय रु.७२ लाख ९३ हजार, माध्यमिक तह (९-१०): १९ वटा विद्यालय रु. ६१ लाख ७५ हजार, माध्यमिक तह (११-१२): १ वटा विद्यालय रु. ३ लाख ९० हजार, प्राविधिक शिक्षाः २ वटा विद्यालय रु. ४ लाख ४२ हजार, विद्यालय सहायकः १२ वटा विद्यालयमा रु. १५ लाख ६० हजार विनियोन गरेकीछु।

ख- सानीभेरी गाँउपालिका अन्तरगत ४५ वटा विध्यालय र ४८ वटा वलविकस लाइ गुणस्तर परिणाम देखिनेगरी काम गर्न शिक्षामा सूचना तथा संचारको प्रयोग र सुधार कार्यक्रम गर्न आवस्यक जनशक्ति, प्रविधि, सफ्टवयर र हार्डवयर खरीदगरी आवस्यक व्यवस्थापन पुरागर्न यसतर्फ वजेट रु. ३ करोड विनियोजन गरेकीछु।

ग- गापाको नमूना विद्यालय तर्फः नेपाल सरकारले नमुना छनोट गरेको रासी ज्ञानोदय मावि सिम्ली लाइ समर्थन गरी नमुना अनुदान रु. ५ लाख र सानीभेरी शिक्षा क्याम्पस सिम्लीलाइ रु. २ लाख सहयोग अनुदान दिन विनियोन गरेकीछु।

ग- आवश्यक अन्यक्षेत्र तर्फः शैक्षिक प्रोफायल निर्माण रु. २ लाख, प्र. अ. बैठक सञ्चालन रु. १ लाख, विद्यालय स्तरीय परीक्षा सञ्चालन रु. ३ लाख, शिक्षा समिति वैठक सञ्चालन खर्च रु. १ लाख, दैनिक प्रशासन सञ्चालन खर्च रु. १ लाख, कम्प्युटर र प्रिन्टर खरिद रु. १ लाख २५ हजार, विधयालय तथा परिक्षा अनुगमन रु. ५० हजार, र वहुप्राविधिक शिक्षालय संभावना अध्ययन तथ रननीति योजन निर्मान कार्याक्रम ३ लाख विनियोजन गरेकीछु।

घ- वडागत वजेट विनियोन गर्दा वडाहरुको आवश्यक्ता अनुसार वालविकास भवन निर्माण, भवन मर्मत, कोठा व्यवस्थापन, विज्ञान तथ शैशिक समाग्री खरीद, तार-जाली र घेरावार व्यवस्थापन निर्मान कार्याक्रम तर्फ वजेट रु. ५६ लाख ७५ हजार विनियोजन गरेकीछु।

ङ- सशर्त अनुदान तर्फ शिक्षा क्षेत्रको सबै तहका विद्यालय र कर्मचारीहरुको तलब र प्रशासनिक खर्च, विद्यालय क्षेत्रविकास कार्यक्रम अन्तरगत ५७ वटा क्रियाकलापहरु तर्फ रु. ९ करोड ७५ लाख ६९ हजार सहित **यसक्षेत्रमा समग्र वजेट रु. १६ करोड ८ लाख ६८ हजार विनियोजन गरेकिछु।**

१६. **स्वास्थ्य क्षेत्र : स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच र गुनस्तर सुनिश्चित गर्ने उद्देश्यराखी वजेट वाँडफाँड गरेकीछु, जसअनुसारः**

क- करार स्वास्थ्य कर्मचारीहरुको तलब व्यवस्थापन तर्फः ल्याव टेक्निसियन १ जना रु. २ लाख ९२ हजार ५ सय, ल्याव असिस्टेन्ट १ जना रु. १ लाख ९५ हजार, डार्करोम असिस्टेन्ट १ जना रु. १ लाख ९५ हजा, अ.न.मि. ५ जना रु. ९ लाख ७५ हजार, अ.हे.व. ५ जना रु. ९ लाख ७५ हजार, कार्यालय सहयोगि १० जना रु. १३ लाख ९७ हजार ५ सय विनियोजन गरेकिछु।

नरबहादुर पुन
अध्यक्ष

ख- स्वस्थ्य क्षेत्रमा गरिने सवै कृयाकलापहरु तर्फ: औषधि खरिद रु. १० लाख, एम्बुलेन्स खरिद रु. १३ लाख, सेवा प्रवाहतर्फ विभिन्न जनचेतनामुलक कार्यक्रम रु. ५० हजार, महामारी नियन्त्रण तथा आकस्मिक अवस्थाको लागि रु. ५० हजार, सुत्केरी तथा आकस्मिक अवस्थाको बिरामी प्रेषणको लागि रु. १ लाख ५० हजार, चारपटक गर्भवति जाँच तथा संस्थागत सुत्केरी प्रोत्साहन रु. ३ लाख, गरायला स्वास्थ्य चौकी अन्तर्गत वर्थिङ्ग सेन्टर स्थापना रु. १ लाख, कुपोषण व्यवस्थापनको लागि स्वस्थ वालक पुरस्कार रु. ५० हजार, स्वास्थ्य चौकी पूर्तिमकाँडा, दुली, अर्मा र गरायला मर्मत सम्हार तथा आवश्यक व्यवस्थापन रु. १ लाख, स्वास्थ्य चौकी सिम्ली भाडा तथा ल्याप र डार्क रुम व्यवस्थापन र UPS (पावर व्याकउप) खरिद रु. ४ लाख, गाँउपालिका स्तरमा कर्मचारीको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न रु. ५० हजार, कर्मचारी तथा संस्थाको उत्कृष्ठता सम्बोधनको लागि पुरष्कार रु. ५० हजार, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन खर्च रु. २ लाख ५० हजार, औषधी सामाग्री भण्डार व्यवस्थापन तथा कार्यलय मसलन्द तर्फ रु. ६ लाख, अनुगमन तथा सुपेरिवेक्षण भ्रमण खर्च रु. ५० हजार, माशिक, त्रैमाशिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठी रु. ५० र वडा नं. २मा उपचार र आर्थिक सहयोग अनुदान रु ५० हजार विनियोजन गरीछु।

ग- सशर्त वजेट वाट प्राथमिक स्वास्थ्य चौकी कार्याक्रम, राष्टिय स्वस्थ्य शिक्षा, सूचना तथा संचार सेवा, एकृत स्वास्थ्य कार्यक्रम र क्षयरोग नित्रन्त्रण लगायत ६८ वटा कृयाकलापहरुको लागि रु. १ करोड ४६ लाख ३४ हजार सहित **यसक्षेत्रमा समग्र वजेट रु. २ करोड २९ लाख ६४ हजार जिनियोजन गरेकिछु।**

१७. **खानेपानी तथा सरसफाईः** गाँउपालिकामा खानेपानी १ घर १ धारा (गाँपालिका, प्रदेश र संघीय सरकार धारा तोकी)को दीर्घकालिन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम हुनेगरी खानेपानी योजना निर्माण, मर्मत, विस्ता, घैटो कार्याक्रम, मुलसंरक्षण र पोखरी निर्माण लगायत यसक्षेत्रमा वजेट रु. ८७ लाख ५५ हजार विनियोजन गरेकीछु।

१८. **सरसफाई तथा फोरमैला व्यवस्थापनः** फोरमैला व्यवस्थापनका लागी चाइनावगर वजार, गिठाकोट जिउला वजार, वलिवाङ्ग वजार, पेदी वजार (वारी-पारी) , सिम्ली वजार (वारी-पारी) र पुर्ण सरसफाइ उन्मुख टोल हाँसिवाङ्ग, पुर्ण सरसफाइ टोल उन्मुख फुक्रुटाकुरा लगायत गाँउपालिकामा वातावरण सरसफाइ सम्बन्धी कार्यक्रम संचालन गर्नेगरी यसक्षेत्रमा वजेट रु. ८ लाख ५५ हजार विनियोजन गरेकीछु।

१९. **संस्कृति र संस्कार वारेः** संस्कृति, भाषा र ललितकलाको संरक्षण. प्रवर्द्धन र विकास गर्नेगरी यसक्षेत्रमा- स्थानीय कला संस्कृति प्रर्दशन तथा प्रवर्द्धन रु. २ लाख, हुसुखोला शहिद गेट र प्रतिक्षालय निर्माण रु. ४ लाख, मगररांजा जनजातीको पापिनी मेला प्रर्वद्धन रु. २ लाख, वडा नं. २ परियार टोल पंचेबाजा, नाच संरक्षण र ड्रेस रु. २ लाख र सानिभरी मौराखारा गोरिल्ला मान्याथन, फागुन १ को कार्याक्रम रु. ३ लाख ५० हजार गरी **यसक्षेत्रमा समग्र वजेट रु. १३ लाख ,५० हजार जिनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

२०. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः** "बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, जेष्ठ नागरिक, अपाङ्गता, अल्पसंख्यक" वर्ग र क्षेत्रलाई राज्यको मुल प्रभामा शसक्त प्रतिस्पर्दाकोलागी विकास गर्न प्रवर्द्धन, क्ष्यमताको विकास, आय-आर्जनको विकास गर्न सिपमुलक तालिम गर्नेगरी यसक्षेत्रमा निम्न प्रकाले वजेट विनियोजन गरेकिछु

क) **बाल मैत्रि स्थानिय शासन** निर्माणकोलागी सानीभेरी गाउँपालिकाले बाल संरक्षण नीति,वाल कलव/सञ्जाल गठन कार्यविधि , वाल विवाह न्यनिकरण रणनीति योजना र वाल उद्धार कोष निर्देशिका कानून पासगरेकोले दृढता पूर्वक कार्यान्वायन गर्न बालबालिकाहरूको अधिकार संरक्षण र प्रवद्र्धनका लागि निम्न कार्या गरिनेछ :

नरबहादुर पुन
अध्यक्ष

- वालमैत्री स्थानीय शासन अवलम्वन गर्ने, गाउँपालिकामा विभिन्न जोखिममा रहेका बालबालिकाहरूको तथ्याङ्क संकलन, विश्लेषण र अध्यावधिक गर्ने, गाउँपालिकाको योजना, नीति तथा निर्णय निर्माण प्रक्रियामा बालबालिकाको अर्थपूर्ण वाल सहभागिता सुनिश्चित गर्ने, अपाङ्गतामा भएका सबै बालबालिका हरूलाई अपाङ्गता परिचय पत्र, आवश्यक सहायता सामग्री र जीवनोपयोगी सीप दिई अनिबार्य विद्यालय भर्ना गर्ने, आमावुवा विहिन, अपागंता भएका बालबालिका हरुलाई विशेष संरक्षण स्याहार र शिक्षाको अवसर सुनिश्चित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेगरी यसको लागि वजेट रु. २० लाख ८१ हजार वजेट विनियोजन गरेकिछु।

ख) **महिला विपन्न र पिछडिएका समुदायलाई प्रवर्द्धन,** सिपमुलक तालिम तथा उद्यमशीलता विकासमार्फत काम र रोजगारीका अवसको पहुँच पुर्‍याई स्वआय-आर्जनमार्फत आत्मनिर्भर बनाउने, महिला श्रमीक दिवस लगायत विभिन्न महिला सम्बन्धि कर्याक्रम र महिला सामाजिक र लैङ्गीक हिंसा विरुद्ध शसक्त कार्यक्रम सहित यसक्षेत्रमा रु. १० लाख ९५ हजार वजेट विनियोजन गरेकिछु।

ग) **युवा तथा खेलकुद विकासः** युवा विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा र तालिम गॉउविकास र रोजगार, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षामा परिचालन, सहभागिता र नेतृत्व विकास, बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि युवा हरुलाई प्राविधिक तालिम रु. ७ लाख, युवाहरुलाई नेतृत्व विकास तालिम रु. ३ लाख, युवा खेलकुद रु. २ लाख, पाईलटीङ्ग गर्न साना उद्योग/व्यवसाय तर्फ रु. २ लाख र सम्वन्धित वडाहरुवाट खेलकुद विकास क्षेत्रमा रु. १० लाख ४८ हजार ७७४ सहित यसक्षेत्रमा रु. २४ लाख ४६ हजार ७७४ वजेट विनियोजन गरेकिछु।

घ) आदीवासी जनजाति विकस, प्रवर्द्धन, आय-आर्जन गर्न सिपमुलक तालिम, दैनिक जिवनमा मदत र लाभहुने गरी गाँउपालिका अन्तरगत सवै जनजातिहरु १०४३ घरघुरी परिवारमा धुवारहित चुलो साजेदारी कार्यक्रम सञ्चालन गर्नेगरी **यस कार्यक्रम तर्फ रु. ६ लाख विनियोजन गरेकिछु।**

ङ) दलित, पिछडिएका दलित छुवाछूत संस्कारको अन्त गर्दै दलित जातीलाई सामाजिक विकासको स्तरमा स्थापित गर्न विशेष प्राथमिकता दिएकीछु। दलित छुवाछूत संस्कारको अन्त, प्रर्वद्धन र विकास, उत्थान र आय-आर्जन गर्न सिपमुलक तालिम, छुवाछुत मुक्त गाँउपालिका घोषणा गर्न सूचक पुरा भए वा नभएको मुल्याङ्कण र अनुगमन गरी छुवाछुत मुक्त गा.पा. घोषणा कार्कक्रम, विपन्न दलित वालवालिकाहरु लाइ आर्थिक सहयोग, सुधारिएको आरन र पञ्चेवाजा अनुदान सहित **यसक्षेत्रमा वजेट रु. ७ लाख १० हजार २२७ विनियोजन गरेकिछु।**

च) गाँउपालिकामा जेष्ठ नागरिकहरुको सम्मान र सहयोग गर्ने, फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुको समस्याहरु समाधान गर्न प्राथमिक्ताको पहिचानगरी प्रवर्द्धन सिपमुलक कार्याक्रम कार्यान्वयण गर्न जेष्ठनागरिक कोलागी रु. ३ लाख ५० हजार र अपाङ्ग व्याक्तिहरुको लागि रु. ३ लाख ५० हजार रकम वडाहरुवाट वितरन गर्नेगरी तथा अल्प संख्या पुर्वाधार सहयोग कार्याक्रम सहित **यसक्षेत्रमा रु. ७ लाख ८२ हजार विनियोजन गरेकीछु।**

छ) शहिद परिवारलाइ सम्मा र सहयोग तथा घाईतेहरुलाइ सम्मान, प्रवर्द्धन, सिपमुलक तालिम र साना व्यवसाय रोजगार गर्नेगरी जनयुद्ध तथ जनआन्दोलनका सहिद परिवारहरुलाई सम्मान तथा सहयोग कार्यक्रम रु. ३ लाख, घाइतेहरुलाई सिपमुलक तालिम रु. ५० हजार र घाइतेहरुलाई आयआर्जनको लागि कृषि जन्य उत्पादन व्यवसाय गर्न रु. २ लाख गाँउपालिकाको अल्पसंख्यालाइ पुर्वाधारमा अनुदान रु १ लाख विनियोजन गरेकिछु। **लैङ्गिक समानता तथा सामाजिक समावेशीक** (बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, शहिद परिवार, जेष्ठ नागरिक, घाइते र अपाङ्गता, अल्पसंख्यक) **यसक्षेत्रमा समग्र वजेट रु. ९० लाख ४५ हजार विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

नरबहादुर पुन
अध्यक्ष

आर्थिक विकास क्षेत्र :

२१. **कृषि र पसुपन्छी विकासः "कृषि नै सम्वृद्धिको आधार - गाउपालिकामा कृषकलाई रोजगर"** भन्ने मूल नाराका साथ कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रूपमा विकास गरिनेछ। कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन, कृषिमा बेरोजगारको तथ्यांक संकलन, कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरण गरिनेछ।

क- कृषि जनचेतना तथा जनमुखि विकास कार्यक्रम, ग्रामिण क्षेत्रमा मुख्यततः आय-आर्जन र रोजगारमुलक कृषि उत्पादन, खाद्यान्न उत्पादन, फलफूल, तरकारी, नगदे वालिमा जोड गरिनेछ। एक वडा एक कृषि नमूना उत्पादनमा जोड गर्दै गाउपालिकाले कृषि उत्पादनलाई गुणात्मक रुपमा विकास गर्नको लागि कृषि सहकारीको माध्यमबाट भौगोलिक विशेष्ताअनुसार उत्पादनकोलागि पकेट एरिया छनौट गरी नमुना कृषि उत्पादनलाई ध्यानदिने र कृषिकोलागी आवश्यकपर्ने मल, विउ, कीटनासक औषधि लगायत औजारहरु सर्वसुलभ वनाईनेछ। पानिको श्रोत भएका वा नभएका क्षेत्रहरुमा सिंचाइ उपलव्ध गराउन साना सिंचाइ योजनाहरुले उत्पादनलाई वृद्धिगर्ने लक्ष सहित-पोखरी सिंचाइ सञ्चालन गर्ने, स्प्रीङकलर र थोपा सिंचाई जस्ता सिंचाइका अन्य सबै प्रविधिहरु प्रयोग गर्ने र गाँउपालिकाको दुलिक्षेत्रलाइ रासायनिक मल र किट नासक औषधि प्रयोगलाई निषेधगरी प्रङगारिक मल र घरेलु औषधिहरुको प्रयोगमा जोड पुग्नेगरि तालिम लगाएतका कार्यक्रमहरु सञ्चालन गर्ने र जैवीक खेतीपाती उत्पादनलाई वढवा दिन कषिमा ५० प्रतिशत अनुदान दिइनेछ।

ख) **पशुपालन र पशु सम्बन्धीः** पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण,पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन, पशुआहार गुणस्तर नियमन, स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली, बधशाला र शीत भण्डारणको ब्यवस्थापन र नियमन, कृषि तथा पशुपन्छी सम्वन्धी बीमा र कर्जा सहजीकरण गरिनेछ। पुर्तिमकाँडा वडा नं. १ र २ अलैची, तरकारि, माछा उत्पादन र वाख्रापालन रु.१० लाख, गरायला वडा नं. ३ र ४ मास, मकैको विउ, तरकारी उत्पादन, मौरि र भैसि पालन रु.१० लाख, दुली वडा नं. ५ र ६ प्रङगारिक क्षेत्र- आलु र कि.बि फलफुल उत्पादन र वाख्रापालन रु.१० लाख, सिम्ली वडा नं. ७, ८ र ९ कागति, सुन्तला, केरा, आँप, तरकारी र तरकरी विउ उत्पादन र भैसी पालन रु. १५ लाख, अर्मा वडा नं. १० र ११ सुन्तला, कागति, अदुवा, अलाइची उत्पादन र भैसी पालन क्षेत्र रु.१० लाख र पशु-पन्छीमा- पसुपालन, औषधि, पशुनश्ल सुधार, पौष्टिक दाना / आहाराको व्यवस्था, पशुपंक्षी स्वास्थ्य सेवा एवं उत्पादित पशुजन्य पदार्थको वजारीकरण रु. ८ लाख, कृषिमा विरुवा, विउ, कीटनासक औषधि, कृषिऔजारहरु र साना सिंचाइ, पोखरी सिंचाइ, स्प्रीङकलर र थोपा सिंचाई प्रविधि रु. ८ लाख वजेट विनियोजन गरेकिछु।

ग) सशर्त वजेटको कृषि र पशु कार्याक्रमतर्फ ७ वटा क्रियाकलापको लागि रु. २१ लाख १० हजार सहित यसतर्फसमग्र वजेट रु. ९६ लाख ३३ हजार ४८६ वजेट विनियोजन गरेकिछु।

२२. **पर्यट क्षेत्रको विकास र प्रवर्द्धनः** गाउपालिकामा रहेका पर्यटन क्षेत्रलाइ धार्मिकक्षेत्र, ऐतिहासिक क्षेत्र, जैविक विवधताको पर्यटकीय क्षेत्र गरि तिन तहमा विभाजन गरिएकोले यसलाई संवोधन गर्नेगरी हाललाइ वडा नं. १ बुकिचौर - मालिकालेख पर्यटकीय पदमार्ग निर्माण रु. ३ लाख, वडा नं. ४ शहित स्मृति भवन निर्माण रिम्ना दुईभेरी दोभान रु. ७ लाख, वडा नं. ३ श्रीचौर मौराखारा पर्यटकीय पदमार्ग निर्माणा रु. ३ लाख, वडा नं. ७ जैधाने भेरीदह संरक्षण तथा मन्दिरर निर्माण रु. ३ लाख वजेट सहित **यसक्षेत्रमा समग्र वजेट रु. १६ लाख विनियोजन गरेकिछु।**

२३. **उद्योग तथा वाणिज्यको क्षेत्तः** युवा रोजगार एवं साना व्यावसाय विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा, उद्यमशिलता र सिप विकास तथा तालिमको माध्यमबाट महिला उद्यमशिलता विकास गरी सामुहिक उत्पादन र खेति गर्न श्रम सहकारिहरुको स्थापना गर्न प्रोसाहित गरिनेछ। अर्ध वेरोजगार भएका कृषकलाइ व्यावसायीककरण

नरबहादुर पुन
अध्यक्ष

तिनलाई पूर्ण रोजगार बनाउने लक्ष्यराखी सरकारी, सहकारी र नीजि क्षेत्रको साजेदारी लगानिले गाउपालिकामा १ नमुना गावरमेन्ट उधोग लगायत संभावित साना उध्योगहरुमा काम गर्नेगरि तत्काल नमुना गावरमेन्ट उधोग सहकारी भवनमा सञ्चालनको लागी रु ३० लाख विनियोजन गरेकिछु।

२४. **सहकारी र वित्तिय क्षेत्रको विकासः** गाँउपालिकामा सहकारी संस्था सम्बन्धी गाँउपालिकामा वहुउद्देशीय सहकारी संस्था वनाई जनतामा छरिएर रहेको पुजिलाई केन्द्रित गर्ने र पहिलो प्रथमिक्तामा सवै वडामा श्रम सहकारी निर्माण गरिनेछ। यसकालागी एक वडा एक श्रम सहकारी संस्थालाई गाउपालिका बाट ५०/५० हजार मुल पुजी विकाको लागि अनुदान रु. ५ लाख ५० हजार र गाउँपालिका स्तरबाट श्रम सहकारी सम्बन्धि तालिम र भ्रमण कार्याक्रम रु. ३ लाख ५० हजार विनियोजन सहित **यसक्षेत्रमा समग्र वजेट रु. ९ लाख जिनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

पुर्वाधार विकास क्षेत्र :

२५. **सडक तर्फको विकस निर्माण :** गाँउपालिकाको केन्द्र देखी प्रत्यक वडा कार्यालय सम्म, वडा कार्यालयको केन्द्र देखी टोल(साविक वडा) सम्म एक वडा एक मुख्य कृषि हरित सडक निर्माण, पदमर्ग, घोडेटो वाटो गाँउपालिका अन्तरगत वडा नं. १ मा चाईनाबगर बुकिचौर कृषि सडक स्तर उन्नती मर्मत रु.१४,५०,०००, बाउनिखेत आ.वि. जनप्रिय सिमलचौर सडक निर्माण रु.२ लाख ५० हजार सोता, कैनखोला घोडेटो बाटो निर्माण रु. १ लाख वडा नं. २ गिठाकोट ज्यूला ज्ञानोदय आ.वि पूर्तिमकाँडा बसन्डाँडा चाइनाबगर सडक (क्रमागत) रु.१० लाख गिठाकोट ज्यूला कृषि सडक रु.१ लाख वडा नं. ३ बल्याखर्क,गोलडाँडा अध्याचौर कृषि सडक रु.९ लाख भलाचौर, नायाँ खोला सडक रु.६ लाख तुसारे, चौखे, खारा, जुम्ले पोखरी घोरेटो बाटो निर्माण रु.१ लाख ५० हजार

मुलपानी, भिरपाटी, मसारीटोल गोरेटो बाटो निर्माण रु.१ लाख वडा नं. ४ नायखोला, खालचौर, पुरानागाँउ, पाखापानी, इजर, गाँउबारी, टुरा, राम्री, चाख्लेमेला, बलिवाङ कृषि सडक निर्माण रु.२२ लाख ५० हजार वलिवाङ्ग गिठाकोट जाने झोलुङ्गे पुल सडक निर्माण रु. ५० हजार मुसेखोला नवचन्द्रज्योति आवि जाने सडक निर्माण रु.१ लाख वडा नं. ५ मेलचौर, घापागार, हाँसु सडक निर्माण रु.१६ लाख मेलचौर बल्लेबास रिट्नाखोला खेत कोटगाँउ कृषि सडक रु.२ लाख ७५ हजार मेला देखि भदाले पोखरी सम्म गोरेटो बाटो निर्माण रु.१ लाख २५ हजार टाकुरी सक्नेरी पोखरी गोरेटो बाटो निर्माण रु.१ लाख २५ हजार ,हाँसु गोरेटो बाटो मर्मत तथा निर्माण रु.१ लाख, टोट्के पाखा बाधापानी रहखोला किलोघैटे गोरेटोबाटो निर्माण रु.१ लाख , घापागार साना काठेपुल निर्माण रु.१ लाख २० हजार, वडा नं. ६ मेलचौर, बल्लेबास, रिट्नाखोला,खेत, कोटगाउँ कृषि सडक निर्माण रु.२२ लाख २५ हजार, लिसेनी खोला काठे पुल निर्माण रु.४० हजार, पातेखोला काठेपुल निर्माण रु.२५ हजार, नाउलीखोला काठेपुल निर्माण रु.२५ हजार, पातेचौर घट्टेखोला काठे पुल निर्माण रु.२५ हजार, वडा नं. ७ हुस्सुखोला जैदाने भेरीदह कृषि सडक निर्माण रु. ५ लाख, सहरेखोला, जनचाहाना, भेरीदह कृषि सडक निर्माणरु.४ लाख ५० हजार,

सहरेजिउला, इर्ज, बाघखोर कृषि सडक निर्माण रु.३ लाख ५० हजार, को सिम्ली तल्लो आमडाँड फुकुटाकुरा कृषि सडक रु. ५ लाख ५०हजार , वडा नं. ८ तल्लो आमडाँडा कालिका डलसिङ्गे पाखेरोल जोगिनेटा कृषि सडक रु. ८ लाख, सिम्ली तल्लो आमडाँडा माथिल्लो आमडाँडा विप्पे चिन्तु कृषी सडक रु. ११ लाख, वडा नं. ९ सिम्ली, स्यालीबोट, खामोहाल्ने, मगरराजा, धैरेनी, छेलोहाल्ने, टोट्के, बागखोर कृषि सडक निर्माणरु.२२ लाख ५० हजार, खातीकाँडा टोक्के छेलोहान्ने गोरेटो बाटो निर्माण रु.१ लाख ५० हजार, वडा नं. १० तिमिले चिन्तु विप्पे कृषि सडक रु.१०लाख, घडेरी टुनीबोट घण्ठाना तिमिले चिन्तु कृषि सडक रु.८ लाख घणठाना अर्मा खोला दुबेरी ८ वटा हिम पाईप खरीद ढुवानी रु.३ लाख, घडेरी घण्ठाना अर्मा डाँडा सडक मर्मत रु.१ लाख , वडा नं. ११ सिम्ली घरेली काफल वोट क्षेत्रिय सडक मर्मत रु.१ लाख, लक्कुडाडा, लगनचौर, ठुलालेख, सतिपोले सडक निर्माण रु.२ लाख ५० हजार, बाघखोर, सिलिपाखा, लक्कुडाडा, खालीखोला सडक स्तर

नरबहादुर पुन
अध्यक्ष

उन्नति रु.८ लाख , काफलबोट टिमुरबोट, अम्रेडाँडा, पोखरा, सडक स्तर उन्नति तथा निर्माण रु. १० लाख, बाघखोर, गातिना, सानोलेख, जुम्लेपोखरी सडक स्तर उन्नति रु. ५ लाख ५० हजार वजेट विनियोजन गरेकिछु।

गाँउपालिका कार्यालय सिम्लीलाइ केन्द्र वनाइ सिम्ली वजार, पनेलचौर, पेदी वजार, वेलटापु, दुवारे-छोटेवगर, टमट्टाचौर, भण्डारीपाखा हुदै वडा नं. ९ को सडक सम्म मध्यपहाडी लोकमार्गलाई केन्द्र वनाई रिङ रोड र सिम्ली वजार र पेदीवजार भित्रका साना सडक र बाटाहरु र यस्तैगरी चाईनावगर, वलिवाङ, गिठाकोट जिउला, हाँसीवाङ लगायत संभाव्यता रहेका सवै कृषि सडकहरु लाइ वातावरण प्रभाव मुल्याङ्क गर्न वजेट रु. ५ लाख सहित **यसक्षेत्रमा समग्र वजेट रु. २ करोड २३ लाख ५८ हजार जिनियोजन गरेकिछु।**

२६. **सिंचाई तर्फको विकास र योजनाः** सानीभेरी गाँपालिकामा खोलाहरुबाट ठूला र साना सिंचाइ योजना सञ्चालन, पोखरी सिंचाइ योजना र विद्युत उपलव्ध भएसम्म लिफ्ट सिंचाइ योजनाद्वारा बढी भन्दा बढी जमिनमा सिंचाइ पुऱ्याउनेछ। खारखोला हासिवाङ सिचाइ योजना हाल आएर जिल्ला सिचाइ कार्यालयवाट टेण्डरको प्रक्रियामा बगाडी वढेकोछ। गतवर्षका अन्य योजनाहरलाई कार्यान्वयण गर्नेगरी वडा नं. १ जङ्गलगाँउ चाईनाबगर सिचाई कुलो निर्माण क्रमागत रु.१ लाख ५० हजार , रजेला सिचाई कुलो निर्माण रु. २ लाख, वडा नं. ३ ज्यामिरे ठुला सिम चिसापानी खेतघारी सिचाई योजना रु.२लाखज्यामिरे काल्चे पानी पिरेतरा सिचाई योजना रु.२ लाख ज्यामिरे घट्टेखोला टाकुरी खेत सिचाई योजना रु. २ लाख तल्लो भलाचौर सिचाई योजना रु. २ लाख, गुमाखोला सिमतारा सिचाई योजना रु. लाख, धनारी पोखरी निर्माण रु. १ लाख ५० हजार, साउडेरा पोखरी निर्माण रु. २ लाख , डाँडा पोखरी निर्माण रु. २ लाख गैरा खारा पोखरी निर्माण रु.२ लाख ५० हजार तल्लो तिमिले पोखरी निर्माण रु. १ लाख वडा नं. ४ मुसेखोला लामाचौर सिचाई कुलो निर्माण रु.१ लाख ५० हजार वडा नं. ४ पधेरीखोला सिचाई कुलो निर्माण रु.२ लाख ५० हजार मुरेखोला अमलाटाकुरा पाखापनी सिचाई रु.१लाख ५० हजार वडा नं. ७ बाघखोर सिचाइ पाईप खरिद रु.१ लाख ५० हजार र वडा नं. ११ राङखोला पतेरीखोला, ढारा, चौखे सिचाई योजना रु.३ लाख वजेट सहित **यसक्षेत्रमा समग्र वजेट रु. ३२ लाख ५० हजार जिनियोजन गरेकिछु।**

२७. **भवन तथा सहरी विकासः** सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन गरिनेछ। संघीय मामिला तथा प्रशासन मन्त्रालयको पछिल्लो निर्देशन अनुसार जग्गा प्राप्ति सम्वन्धि जनतावाट दानगरिएको जग्गालिने पहिलो र सहज प्राथमिक्ता भएकोले मध्यपहाडि लोकमार्ग संग जोडिएको सुरक्षित र पुक्दो जग्गा सिम्लि वजार देखी द्ववारे सम्मको क्षेत्रमा जहाँ दानजग्गा पाइन्छ स्वहि स्थानमा गाँउपालिका कार्यालय घर निर्माण गर्नेगरी तत्काललाई समानीकरन अनुदान वाट गाउँपालिका कार्यालय भवन निर्माण साविक सिम्लीमा क्रमागत रु. ७५ लाख ५० हजार, वडा नं. ९ सिम्ली एकिकृत शहरी विकासको रणनीतिक योजना तयारी गर्न रु.४ लाख वडा नं. ३ पेदिबजार एकिकृत शहरी विकासको रणनीतिक योजना तयारी गर्न रु.४ लाख वडा नं.१ चाईनाबगर एकिकृत शहरी विकासको रणनीतिक योजना तयारी गर्न रु.४ लाख भू-उपयोग रणनीति योजन निर्माण रु.१ लाख ५० हजार वडा नं. ९ हासीवाङ खोपकेन्द्र भवन प्लास्टर र रङरोगन रु.२ लाख सहित **सशर्त वहायक यसक्षेत्रमा समग्र वजेट रु. ९० लाख ५० हजार विनियोजन गरेकिछु।**

२८. **उर्जा, लघु तथा साना जलविद्युतः** गाँउपालिकामा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी गाँउपालिका उज्यालो कार्याक्रम अन्तरगत विधुतीकरण गर्ने सनदर्भमा लगभग ११० किलो वाट विधुत राज्य, साजेदारी र जनताको लगानिमा सम्पन्न भई अन्यपुर्वाधार विकास र भौतिक सुविधा प्रयोगको चेतनाको विकास भएकोछ। निमार्ण भएका लघु जलविधुतहरुलाई संरक्षण, मर्मत संभारमा सहयोग गर्ने र निर्माणाधिन योजनाहरुलाई सम्पन्न गर्न अनुदानको को व्यवस्था गरेकिछु। यसकोलागी वडा नं. २ मा सिस्नेखोला पिको हाईड्रोपावरलाइ अनुदान रु. ७ लाख, वडा नं. ७ रोलखोला लघु जलविद्युत आयोजनालाई अनुदान रु. ४ लाख, वडा नं. ९ सिम्ली खोला लघु जलविद्युत आयोजनालाई अनुदान रु. ४ लाख, वडा नं. ३ देउताखोला लघु जलविद्युत आयोजना अनुदान रु. ६ लाख ५० हजार, वडा नं. ३ श्रीचौर पेल्टीकसेट योजनालाई अनुदान रु. ३ लाख ५० हजार,वडा नं. ५ टोट्केखोला

नरबहादुर पुन
अध्यक्ष

लघु जलविद्युत आयोजनालाई अनुदान रु. २ लाख ५० हजार, वडा नं. ६ देउताखोला मुरीगार लघु जलविधुत आयोजना निर्माण रु. ४ लाख, वडा नं. ११ अर्मा गिठागैरा पेल्टीकसेट योजना मर्मत रु. १ लाख र सशर्त अनुदान बजेट- राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम नीतिगत, प्रशासनिक तथा व्यबस्थापन खर्च रु. २ लाख ५० हजार सुधारिएको चुलो (बायोग्याँस) प्रबिधि जडान रु.१ लाख उर्जाको उत्पादनमुलक परिप्रयोग रु. १ लाख, सौर्य उर्जा प्रबिधि जडान रु. ४ लाख ७३ हजार र बायोग्यास जडान रु.४२ हजार वजेट सहित **समग्र वजेट रु. ४५ लाख १५ हजार जिनियोजन गरेकिछु।**

२९. **सुचना सञ्चार तर्फः** गाँउपालिका भर टेलिफोन सेवा उपलव्ध गराउने क्रम्मा नेपाल टेलिकम दुरसञ्चार र एनसेल का निर्माण भएका टावर प्रभावकारी सेवा सञ्चालन गर्न र टावर विस्तार गर्न गरायला अध्यचौर र अर्मा सानो लेकमा माग गरीएकोछ। वडाहरुको सहभागितामा पत्रकारीता तालिम रु. १ लाख ५० हजार, सानीभेरी मौराखारा एफ.एम. संचालन संभाव्यताको अध्यन रु. ५० हजार, गाँउपालिकाबाट प्रचार प्रसारण हुने विभिन्न सूचना मुलक कार्यक्रमहरु रु. ३ लाख वजेट सहित **यसक्षेत्रमा समग्र वजेट रु. ५ लाख विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

वन,वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :

३०. **वन तथा भु-संरक्षण :** गाँउपालिकाको सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ। जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गरिनेछ। वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन, नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गरिनेछ। यसको लागि गाँउपालिकामा वन तथा वातावरण, नर्सरी, वृक्षा रोपन, संरक्ष र प्रवर्द्धन रु.९ लाख, गाँउपालिकामा सामुदायिक वनमा पर्यापर्यटन/उद्यम प्रवर्धन रु.१ लाख, वडा नं. २ विपद व्यवस्थापन अनुदान सहोगरु. २ लाख, वडा नं. २ विपद व्यवस्थापन कोष स्थापना रु. ५० हजार, वडा नं. १ कैन खोला मुल संरक्षण रु.२ लाख, वडा नं. ३ ज्यामिरे पँधेरा, साउने मुल संरक्षण रु.१ लाख ५० हजार, वडा नं. ३ कालचौर जुगेना मूल संरक्षण रु.१लाखवडा नं. ९ चाख्ली डाँडा माथिल्लो जुमालडेरा मुहान संरक्षण रु. ६० हजार वजेट सहित **यसक्षेत्रमा समग्र वजेट रु. १७ लाख ६० हजार विनियोजन गरेकिछु।**

३१. **जलाधार संरक्षणः** गाउपालिकामा जलाधार, पानी मुहान संरक्षण, भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन, खानी तथा खनिज पदार्थको संरक्षण, ढुंगा, गिट्टी, बालुवा, माटो, आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन, खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग, व्यवस्थापन र स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन गर्न **यसकोलागी वजेट रु. २ लाख विनियोजन गरेकिछु।**

३२. **जलवायु परिवर्तनः** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वच्छ, हराभर र प्रदूषणमुक्त गाँउपालिका अभियान सञ्चालन गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकलनमा सरकार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैरसरकारी क्षेत्रबीच सहकार्य गरिनेछ।**यसकोलागी वडा नं. ३ मा लापा निर्माण कार्यक्रम रु.१ लाख, वडा नं. ४ मा लापा निर्माण कार्यक्रम रु.१ लाख, वडा नं. ५ मा लापा निर्माण कार्यक्रम रु.१ लाख, वडा नं. ६ मा लापा निर्माण कार्यक्रम रु.१ लाख, वडा नं. ७ लापा निर्माण र भत्ता सहित कार्यक्रम रु.१ लाख ३० हजार, वडा नं. ८ मा लापा निर्माण कार्यक्रम रु.१ लाख वजेट सहित यसक्षेत्रमा समग्र वजेट रु. ६ लाख ३० हजार विनियोजन गरेकिछु।**

३३. **सरसफाई तथा फोहोर मैला व्यवस्थापनः** फोहरमैला व्यवस्थापन गर्न सरकारी, साजेदारी र निजि क्षेत्र, नागरिक समाजको संलग्नता स्थापित गर्न समुदायको चासो र संलग्नतामा अभिबृदि गर्न फोहर संकलन दिखि व्यवस्थापन सम्मका सबै फोहर र प्लाष्टिक जन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गरिने नीतिभित्र रही तत्काललाई फोरमैला

नरबहादुर पुन
अध्यक्ष

व्यवस्थापन, चाइनावगर वजार रु. १ लाख ५० हजार फोरमैला व्यवस्थापन, गिठाकोट जिउला वजार रु. ५० हजार, फोरमैला व्यवस्थापन, वलिवाङ्ग वजार रु. ५० हजार, फोरमैला व्यवस्थापन, पेदी वजार रु. १ लाख, फोरमैला व्यवस्थापन, सिम्ली वजार (वारी-पारी) रु. १ लाख, फोरमैला व्यवस्थापन, पुर्ण सरसफाइ टोल हाँसिवाङ्ग रु. ५० हजार र फोरमैला व्यवस्थापन, पुर्ण सरसफाइ टोल फुकुटाकुरा ५० सहित **यस क्षेत्रको समग्र वजेट रु. ५ लाख ५० हजार रकम विनियोजन गरेकिछु।**

३४. **जल उत्पन्न प्रकोप नियन्त्रणः** गाँउपालिकामा तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। नदी नियन्त्रण र मानव वस्ति संरक्षनको लागी वढी जोखिम तथा धनजनको क्षेति हुनसक्ने संभाव्यताको अध्यानगरी तट्वन्धन र नदी नियन्त्रण गर्न छोटेवगर सहिद स्मृती भवन र बेलटापु खेलमैदान (रङ्शाला), वैरेनिटापु र पिपेतहरा तट्वन्धन र नदी नियन्त्रण, दुइभेरी रिम्ना तट्वन्धन तथा नदिनियन्त्रण, चाईनावगर तट्वन्धन तथा नदिनियन्त्रण, सुलेहाले र फल्लेवगर तट्वन्धन तथा नदिनियन्त्रण, वैरेनि टापु र वाहुनिखेत तट्वन्धन तथा नदिनियन्त्रण लगायत अन्य सम्भावित ठाँउहरुमा योजनावद्ध कार्यक्रम सञ्चालन गर्ने क्रम्मा संघीय र प्रदेश सरकार लाइ अनुरोधगरी गरिनेछ।वडा नं. १ खोलेरी चाईनाबगर तटबन्द निर्माण रु.१ लाख ५० हजार र वडा नं. १० ग्याविन तार जालि व्यवस्थापन रु.३ लाख वजेट सहित **यस क्षेत्रको समग्र वजेट रु. ४ लाख ५० हजार रकम विनियोजन गरेकिछु।**

३५. **विपद् व्यवस्थापनः** विपद् व्यवस्थापन सम्वन्धी गाँउपालिकाले स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको विकास गर्न गाँपालिकामा विपद व्यवस्थापन समिति गठनगरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयम स्यवेक भावना द्ववारा प्रेरित युवा जनशक्तिलाई परिचालन गरिनेछ। यसकोलागी गाँउपालिका अन्तरगत सवै वडाहरुको लागी विपद व्यवस्थापन रु. ८ लाख, वडा नं. २ मा विपद व्यवस्थापन सहयोग अनुदान रु. २ लाख र वडा नं. ७ विपद व्यवस्थापन कोष रु. १ लाख ६ हजार वजेट सहित **यस क्षेत्रको समग्र वजेट रु. ११ लाख ५६ हजार रकम विनियोजन गरेकिछु।**

३६. **वारुणयन्त्र (आगलागी नियन्त्रण) :** मानव जन्य कृयाकलापले गाँउघर र वजारक्षेत्रमा लापरवाही र विधुत सटभइ हुने आकस्मिक आगजनि तथ व्याक्तिगत गलत निहेतले जंगलमा हुने आगजनिलाई नियन्त्रन गर्न कानुन र विधिको विकासगरी गाँउ घर वजारमा हुने आगजनिप्रति पूर्ण सावाधान रहन चेतना मुलक कार्याक्रम र केही मुख्य कार्यालयमा आगो नियन्त्रन साधन र वनमा आगजनि गर्नेलाइ नियन्त्रन गरि विध्यमान कानून वमोजिम कारवाही गरिनेछ। **जसको लागी आवस्यक वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

सुशासन तथा संस्थागत विकासको क्षेत्र :

३७. **मानव संसाधन व्यवस्थापन :** गाँउपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति र कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिनेछ। स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गरिनेछ। जनप्रतिनिधि र जनताका कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाइनेछ। प्रशासन समुहका कर्मचारीहरुलाई कार्यपालिकाको निर्णय वमोजिम थप सेवा सुविधा उपलव्ध गराउनेगरि हाललाई कर्मचारी तलव भत्ता, पोशाक र स्थानीय भत्ता, महंगी भत्ता, फिल्ड भत्ता (प्राविधिक), कर्मचारी प्रोत्साहन तथा पुरस्कार को लागी **रु. २ करोड २४ लाख विनियोजन गरेकिछु।**

सशर्त तर्फको कृषि र भेटनरि समुहका स्थायी कर्मचारीहरुको तलव भत्ता गाँउपालिका संचित खातामा आएकोछैन सम्वन्धि पक्षले खोजिगर्न आवश्यकछ। गाँउपालिकाले करारमा राखन सकिने स्थानीय तहमा कृषि प्राविधिकको तलव भत्ता र एक गाँउ एक पशु प्राविधिक तलव भत्ता वाफत रु. **११ लाख ८४ हजार विनियोजन**

नरबहादुर पुन
अध्यक्ष

गरेकिछु। वडा पालिक र गाँउपालिकका जनप्रतिनिधि ज्युहरुलाइ प्रदेश सरकाको कानुनमा तोकेवमोजिम सेवा सुविधाको सिमाभित्र रही उपलव्ध गराउनेगरी यसकोलागी आर्थिक वर्ष ०७४/०७५ को लागि अपुक रु. ३८ लाख र आर्थिक वर्ष ०७५/०७६ को लागि **वजेट रु. ६८ लाख विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

३८. **सुशासन तथा संस्थागत क्षमता विकासः** सानीभेरीगाँउपालिकामा सुशासन तथा संस्थागत विकासको क्रम्मा सबै जनताको हित र सन्तुष्टि सर्वोपरी ठानी कार्य सम्पादन गर्नुपर्ने, जहाँ काम त्यहा प्रशन, जसलाई प्रशन उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रतक्ष्य उत्तरदायित्व सुनिश्चित गर्न दक्ष्य जनशक्ति परिचालन र व्यवस्थापन गरिनेछ। आर्थिक वर्ष ०७५/०७६ मा संस्थागत कामलाइ आवश्यक्तामा आधारित व्यवस्थित गर्न कार्यपालिका बैठक १८ वटा, गाँउ सभा बैठक ६ वटा, ११ वडा कार्यालय बैठक १३२ वटा भन्दा वढिवसेका वैठकहरु सुविधा मा गणनाहुनेछैन। पानी तथा विजुली, संचार महसुल (इन्टरनेट र फोन सुल्क गा.पा. र वडा कार्यालय), इन्धन (पदाधिकारी), इन्धन गा.पा. कार्यालय, ११ वडा कार्यालयहरु, सवारी साधन मर्मत खर्च गा.पा. कार्यालय ११ वडा कार्यालयहरु, विमा तथा नवीकरण खर्च(वाईक, गाडी), मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च, मसलन्द तथा कार्यालय सामाग्री, गा.पा. कार्यालय, ११ वडा कार्यालय, पुस्तक तथा सामाग्री खर्च, इन्धन-अन्य प्रयोजन (ग्यास, मट्टी तेल), पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च, अन्य कार्यलय संचालन खर्च, कर्मचारी तालिम खर्च(प्रशासनीक,प्राविधिक, लेखा, जिन्सी), सीप विकास तथा जनचेतना तालिम र गोष्ठी सम्बन्धि खर्च(पदाधिकारी र कर्मचारी) सकारात्मक सोच, विविध कार्यक्रम खर्च(विभिन्न दिवसहरु), अनुगमन, मुल्यांकन खर्च(जनप्रतिनिधि र कर्मचारी), भ्रमण खर्च(जनप्रतिनिधि र कर्मचारी), विविध खर्च (खाना चिया नास्ता) वडा कार्यालय समेत, सभा सञ्चालन खर्च र गाँउपालिका कार्यालय प्रयोजनको लागि १ वटा गाडि र मेशिनरी सामान मर्मत तथा संम्भार र गाउँपालिका वडा कार्यालय तथा विषयगत कार्यालयहरुको घरभाडा र गाँउपालिका प्रोफायल निर्माण सहित **यसक्षेत्रको समग्र खर्च रु. २ करोड ८२ लाख विनियोजन गरेकीछु।**

३९. **राजस्व परिचालनः** गाँउपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी सबै आर्थिक कृयापकलापलाई करको दायरमा ल्याई राजस्वको दायरा फराकिलो बनाउने, आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवद्र्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणानीलाई थप प्रगतिशील वनाइनेछ। यसकोलागी अन्तरकृया, विभिन्न छलफल र परामर्श गोष्ठी लगाएत चेतना र जिम्मेवारी मुलक कार्याक्रम गर्न **यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४०. **वित्तिय व्यवस्थापन र जोखिम न्युनीकरणः** सबल राजनैतिक इच्छाशक्ति र प्रतिबद्धता तथा प्रशासन संयन्त्रको सकारात्मक सक्रियता प्रभावकारीताको लागि कर्मचारी र जनप्रतिनिधिहरुलाइ विषयविज्ञवाट तालिम, आपसि अन्तरकृया र जानकरीलिने **कार्यक्रम गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

४१. **सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणः** गाँउपालिक विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ। राज्य संचालनको समग्र कार्यप्रणाली सरल पारदर्शी र उत्तरदायी बनाइनेछ। गाँउपालिका सरकारबाट निर्माण भएका विकास तथा पूर्वाधार संरचनाहरुको समयमै काम सम्पन्न गर्न र गुणस्तरको सुनिश्चित र प्रभावकारी नियमन **गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४२. **आन्तरिक, अन्तिम लेखापरीक्षण तथ बेरुजु फर्छ्यौटः** गाउँ पालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गरिनेछ। गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक

नरबहादुर पुन
अध्यक्ष

कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताको लागि कार्मचारी र जनप्रतिनिधिहरुलाइ अभिमुखिकरण र अन्तरकृयात्मक कार्यक्रम **गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४३. **सेवा प्रवाहका मापदण्ड निर्धारणः** सेवा प्रवाह निकायको स्वरुप र प्रकृति, निकायको काम, कर्तव्य र अधिकार, निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणसेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी सुनिस्चित गरिनेछ र आर्थिक वर्षको कार्यक्रम वा आयोजना सम्वन्धी विवरण वेवसाइट राखी आफ्नो कार्यालयको सूचना नियमित रुपमा प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थीत **गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४४. **सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगः** सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गाँउपालिका कार्यालय, वडा कार्यालय हुदै विषयगत कार्यालय र सवै विध्यालयहरुमा क्रमस डिजिटल हाजरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दै क्रमस डिजिटल उन्मुख गाँउपालिका बनाइनेछ। तत्काललाइ गाँउपालिका, वडा कार्यालयमा लागु गर्ने र नमुना विध्यलयहरुमा पुक्दो ध्यानदिनेगरी **यसक्षेत्रको लागी वजेट रु. ३ लाख विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

४५. **नागरीक सन्तुष्टी सर्वेक्षणः** सानीभेरी गाँउपालिका जनताको स्थानिय सरकारले राज्यको श्रोत साधनलाइ अत्यधिक नागरिक हितको प्रयोग गर्न र जनशक्ति वाट गरिने सेवाप्रवाहका सम्पुर्ण कामप्रति नतगरिकहरुको सन्तुष्टि र असन्तुष्टि केछ त्यसलाइ संस्थागत वयवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्याक्रम तयगरि जनतावाट सुझाप लिएर जनतालाइ प्रभावकारी सेवा दिनेगरी **यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४६. **संमपूरक बजेट व्यवस्थापनः** नेपालको संविधान २०७२ अनुसार राज्यको पुनरसंचना र शक्तिवाँडफाड गर्ने क्रममा संघीय, प्रदेश र स्थानीय तहको सरकार गठन निर्देशन परिचालन र नियन्त्रणको सिद्धान्तमा रही सानीभेरी गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य संघ- संस्थाहरुसंग समन्वय, सहकार्य र सझेदारीको आधारमा विकास निर्माण काम गरिनेछ। **जसको लागी संमपुरक बजेट रु १ करोड ३८ लाख विनियोजन गरेकिछु।**

४७. **अन्तर तह/निकाय समन्वयः** सानीभेरी गाँउपालिका सरकारले अन्तर तह र निकाय, संघीय र प्रदेश सरकार, संघ र प्रदेशमा प्रतिनिधित्व गर्नुभएका माननीय सदस्यज्युरु र सरकारी तथा गैर सरकारी संघ-संस्थाहरु संग समन्वय, सहकार्या र साजेदारीगरी अगाडी दढ्न आवश्यक सवै प्रकारका कार्याक्रम, वैठक र भेटघाट र स्वगत सत्कार **गर्न यसक्षेत्रको लागी वजेट रु. ५० हजार विनियोजन गरेकिछु।**

४८. **सूरक्षा सम्बन्धिः** गाँउपालिकाले नगर प्रहरी वारे निर्देशन, नियन्त्रण, परिचालन र भरनपोषण गर्न नीति, कानून, मापदण्ड वनाएकोले संघीय, प्रदेश र स्थानीय कानूनको अधिनमा रहि नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन र नियमन गरिनेछ। जिल्ला र स्थानिय प्रहरीचौकीहरु संग आपसि सहकार्य, समन्वय र सुरक्ष्य लगायत आवश्यक समग्र विषयमा साजेदारी गरी नागरिक लाइ प्रभावकारी सेवा प्रवाहगरिनेछ। यसक्षेत्रमा करार सेवा शुल्क (नगर प्रहरी तलब अन्य सेवा) कर्मचारी तलव-भत्तामा जोडिएकोछ र प्रहरी चौकि सिम्ली र चाइनावगरलाइ कार्यालयमा आवश्यक पर्ने भौतिक सामाग्रि र प्रतिक्षालयको लागि **यसक्षेत्रको वजेट रु. १ लाख ५० हजार विनियोजन गरेकिछु।**

गाँउसभाका अध्यक्ष महोदय,

४९. **सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वय, सहकार्या, साजेदारी** : रुकुमेली समाज विकास केन्द्र(एकीकृत परियोजना) कार्यक्रम, आसाको प्रोजेक्ट कार्यक्रम, सुआहारा कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना कार्याक्रम, गरीबी

नरबहादुर पुन
अध्यक्ष

संग विश्वेस्वर कार्यक्रम, के.यू.वि.के (KUBK) आदीकार्याक्रम तर्फ अनुमान **आय रु. २ करोड** गरिएकोले यसैक्षेत्रमा परिणाम मुखी काम देखीने र जनताले प्रत्यक्ष लाभलिनेगरी समन्वय, सहकार्य र साजेदारीमा योजना तर्जुमा, वजेट विनियोजन, कार्यन्वण, अनुगमण र समिक्ष्या सहित कार्यक्रम सम्पन्न गरिनेछ। यो कार्याक्रमलाई अझै प्रभावकारि र निरन्तरता दिईनेछ।

५०. **सानीभेरो गाँउपालिका भु-उपयोग नीति :** संघीय संरचना अनुकूल स्थानीय भू-उपयोग योजनाहरु तर्जुमा, योजनाको आधारमा भूमि वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ। निर्दिष्ट भू-उपयोगको क्षेत्र वा भू-उपयोग योजना बमोजिम भूमि तथा भूमिश्रोतको उपयोगका लागि उत्प्रेरित गर्न प्रोत्साहनमुखी कार्यक्रमहरु संचालन गर्न भू-उपयोग नीति, योजना र सो अनुरुपका लागि संस्थागत भौतिक पुर्वाधार संरचनाको निर्माण गर्न विषय विज्ञहरुसंग परामर्शगरि कार्यन्वयण गर्नेगरी भू-उपयोग रणनीति योजन निर्माण गर्नेगरी **यसक्षेत्रमा वजेट रु. १ लाख ५० हजार विनियोजन गरेकिछु।**

५१. **सानीभेरी गाउँपालिकामा न्यायिक समितिको सम्वन्धि काम र प्रस्तावनाः** न्यायिक समितिको कार्यालय व्यस्थापन, न्यायिक समितिको मुद्धा दर्ता देखि आवश्यक पर्ने पुस्तकहरुको व्यवस्थापन, न्याय सम्वन्धी वडा र जनस्तरमा कार्यक्रमहरुको व्यस्थापन गर्ने, मुद्धा दर्ता र फैसाला गर्ने अधिकारी र कर्मचारीको व्यवस्था गर्ने, न्यायीक समितिलाइ व्यवस्थित गर्न मेलमेलाप समिति गठन र प्रशिक्षण, इजलास खडा, भ्रमण भत्ता र कोठाभाडा र स्टेस्नरी सामाग्री खरिद गरि **समग्र न्यायको कामलाई व्यवस्थित गर्नेगरी रु. ७ लाख विनियोजन गरेकिछु।**

५२. **जनयुद्ध र जनआन्दोलनः यो देशमा** जनयुद्ध र जनआन्दोलनमा ठुलो भुमिका खेलने जनयुद्ध र जनआन्दोलनका सहिद परिवार, घाईते अपाङ्गता हरुको अवस्था व्यवस्थित हुन सकिरहेको छैन। क्रमस व्यवस्थित गर्नेगरी जनयुद्ध तथ जनआन्दोलनका सहिद परिवारहरुलाई सम्मान तथा सहयोग रु. ३ लाख, घाइतेहरुलाई सिपमुलक तालिम रु. ५० हजार, घाइतेहरुलाई आयआर्जनको लागि कृषि जन्य उत्पादन कार्यगर्न रु. २ लाख अनुदान दिने रकम सहित **यसक्षेत्रमा ५ लाख ५० हजार वजेट विनियोजन गरेकिछु।**

५३. **सामाजिक सुरक्षा भत्ताः** कुनैपनि नागरिकले खाइपाइ आएको सामाजिक सुरक्ष्या भत्ता छुट्नेछैन र वितरन वारे व्यवस्थित, प्रभावकारी र पारदर्सिता वनाई जनतालाइ समयमा वितरण गरिनेछ। **सम्वन्धित यसक्षेत्रमा खर्च गर्नेगरी २ करोड ३० लाख विनियोजन गरेकिछु।**

५४. **गाँउपालिका र वडा पालिका कार्यालयवाट सशर्त वितरण कार्यक्रम, आवश्यक र भैपरि आउने खर्चलाइ व्यवस्थापन गर्नेगरी ५ करोड १९ लाख ९५ हजार रकम विनियोजन गरेकोछु।**

५४. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्न महत्वपुर्ण सुझाप गर्नु हुने संघीय प्रतिनिधि सभाका माननीय सदस्यज्यु कर्णाली प्रदेशका माननीय मन्त्री तथा सभा सदस्यज्युहरु, कार्यापालिका तथ गाँउसभाका माननीय सदस्यज्युहरु, विभिन्न राजनीतिक दलका नेताज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम छलफलका क्रममा सुझाव दिनुहुने स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत विषयगत वरिष्ठ कर्मचारीहरु, निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजिवीहरु, सामाजिक संघ संस्थाहरु, पत्रकार तथा गाँउपालिका भित्र र बाहिर रहनु भएका दिदीबहिनी दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ॥

सानीभेरी गाउँपालिका उपाध्यक्ष श्री इन्द्रिरा अली गाउँ सभामा प्रस्तुत सानीभेरी गाउँपालिकाको बजेट मन्तव्य श्री नर बहादुर पुनबाट प्रमाणीकरण गरिएको छ।

प्रमाणीकरण मिति : २०७५/०४/२५

नरबहादुर पुन
अध्यक्ष